# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं फाल्गुन २० गते ०८ साल

## भाग ३

### सूचना

आगामी २००९ साललाई कोटाको धागो, कपडा, रुवाको खुद्रे विक्रेताको लाइसेन्स दिन नयाँ दरखास्त दिनुपर्ने भएकोले पूर्व १ नं पश्चिम १ नं र ४ भञ्ज्याँङ्गभित्रका खुद्रे व्यापारीलाई सूचना दिने काम भएको छ। निम्न लेखिएका नमुना-बमोजिमको दरखास्त फाराममा पूरा बेहोरा भरी रू ५ साथ राखी यस विभागमा २००८ साल चैत्र १५ गतेभित्र हुलाकद्धारा रजिष्टरी गरी दरखास्त पठाउनुपर्छ। आएको सबै दरखास्त हेरी उचित ठहरिएकालाई कपडा, धागो, रुवाको मौजदात र स्थानीय जनसंख्याको विचार गरी मुनासीवमाफिकको मालको खुद्रे बिक्रेताको लाइसेन्स दिइनेछ। सो लाइसेन्स लिंदा दरखास्तदस्तुरको मोल ली वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

203

लाइसेन्स दस्तुर पनि लाग्नेछ। पूरा बेहोरा खोलेको फाराम दरखास्त नभएको र रु ५ नभएको औ म्यादभित्र नआएको दरखास्तको केही कारवाई हुनेछैन। दरखास्त दस्तुर आएको रु ५ काम पार पनि नपाए पनि फिर्ता हुनेछैन। सो फाराम कन्ट्रोल अड्डा कंपुकोत भवनमा र यस विभागमा औ पूर्व १ नं. पश्चिम १ नं. गोस्वारामा पाइन्छ। नमुनाबमोजिमको फाराम आफैले लेखी भरी पठाए पनि हुन्छ।

## परिसिष्टक रिटेलर्सको दरखास्त फाराम
## ( कपडा, धागो, रूवा )

१. दरखास्तवालाको नाम, थर र पूरा ठेगाना।

२. पसलको पूरा ठेगाना।

३. दरखास्तवालाको बाबु बाजेको नाम, दरखास्तवाला कुनै फाराम भएमा मालिक वा हिस्सेदारको नाम।

४. कुन पदार्थ कति मागेको ?

५. कुन इलाकामा बिक्री गर्ने ?

६. दरखास्तवालाको पसल रजिष्टर भएको छ छैन? भए रजिष्टर नम्बर।

७. अघि काम गरेको छ छैन ? भए कहिलेदेखि कुन पदार्थको काम गरेको? छोटकरी विवरण

८. बितेको ५ वर्षमा कुनै एक साल भन्सार वा बजारअड्डा महसूल कति तिरेको छ ?

९. अघि काम नगरेको भएमा २ जना प्रतिष्ठित व्यापारी वा भद्रपुरुषको सिफारीस।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. नेपालमा अरु कुनै स्थानमा वा हिन्दुस्थानमा यस्को शाखा वा हेड आफिस छ छैन ?

११. उक्त स्थानमा बिक्रीको निमित्त दर्खास्त दिएको खास कारण ।

१२, नेपाल नागरिक वा विदेशी ? विदेशी भएमा घरबार छ छैन र नेपालमा कहाँ कति वर्ष बसेको र के काम गरेको वा नेपालमा डोमिसाइल ।

१३. यस स्थानबाहेक अन्य स्थानमा पनि शाखा भएमा यस स्थानको निमित्त दरखास्तवालाले अन्य स्थानबाट दरखास्त पेस गरेको छ छैन ?

१४. उल्लेखित कुराहरू सत्य हुन, उक्तकुराहरू कुनै झूठा ठहरेमा लाइसेन्स, क्यान्सेल गरी पछि पछि पनि लाइसेन्स नपाएमा मेरो हाम्रो उजुर नलागोस् । नियमबमोजिम सरकारबाट बिक्रीको निमित्त दिएको पदार्थ बिक्री नगरेमा वा बेकाइदा गरेमा अथवा बनिएको नियम रुल पालन गरिन भने सरकारी ऐन सवाल वा नियमबमोजिम सजाय सहुँला ।

सहि

मिति ०८। । । अधिकार

---

## सूचना

१. एक पदार्थको एउटै दरखास्त हुनुपर्दछ ।

२. दरखास्तसाथ नक्कलसहितको प्रमाणपत्र भएमा सो पठाउनुपर्दछ, सक्कल प्रमाणपत्र वापस हुनेछ ।

३. यो दरखास्त मालिक, हिस्सेदार वा फाराम भएमा मेनेजिंग डाइरेक्टर वा अख्तियारी व्यक्तिले सहि गर्नुपर्दछ ।

४. दरखास्तवालाको पसल वा फाराम वाणिज्यमन्त्रालयमा रजिष्टर नभएको भए ३ महिनाभित्र रजिष्टर गर्नुपर्दछ ।

२०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

५. परिशिष्ट ख बमोजिम साप्ताहिक अर्धमासिक बिक्री मौज्दातको रिपोर्ट समय समयमा दिनैपर्दछ ।

६. दरखास्तमा हरएक कुरा प्रष्ट हस्ताक्षरमा लेख्नुपर्दछ ।

७. गाउँगाउँका पसलेहरुले ११ दफामा लेखिएको प्रश्नमा बिक्री गर्ने पसलबाट कुन इलाकाका कुनकुन गाउँको जनतामा बिक्री गरी आएको छ र बिक्री गर्ने ग्राहक पर्छ, सबै खोल्नुपर्छ ।

का. मु. डाईरेक्टर
सिभिल सप्लाइज विभाग.

## सूचना

नेपाल कम्पनी कानूनमुताबिक सर्वसाधारण जनताबाट शेयर उठाई पूँजी जम्मा गरी लिमिटेड कम्पनी खोल्ने इजाजत दिने गरेको सबैलाई विदितै होला । हाल केही यस्ता संस्थाहरू पनि खुलेको खबर यस विभागमा आएको छ, जो सर्वसाधारण जनताबाट शेयर उठाई पूँजी जम्मा गरेर पनि न लिमिटेड भन्ने शब्द आफ्नो नाममा जोड्दछन, नत यस विभागबाट रजिष्टर भई गएका छन् । हाम्रो देशमा सहकारी संस्था [को अपरेटीव सोसाइटी] खोल्ने कानून आजसम्म नभएकोले यस्ता–सार्वजनिक भवन, सरकारी समिति आदि नामले कहलाइने संस्था कानूनमुताबिक यस बिभागबाट रजिष्टर हुन सक्तैनन् भन्ने जनतालाई बिदित गर्नलाई यो सूचना प्रकाशित भएको छ । कुनै कुरामा पनि यस्ता संस्थाले गरेको उजुर वा यिनको उपरको उजुर लाग्नेछैन । खास गरेर यस्ता संस्थाहरूमा पूँजी हाल्ने व्यक्तिहरूले पछि आफ्नो शेयरबारे केही उजुर गर्न चाहेमा सो उजुर लाग्नेछैन । यस्तो ढङ्गले खडा भएका संस्थाहरूले कम्पनी कानूनमुताबिक रजिष्टर हुनलाई तुरुन्त यस विभागमा दरखास्त दाखिल गरे बेस होला ।

का. मु. डाइरेक्टर—उद्योग तथा वाणिज्यविभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।